बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय

## सिन्धुली

# धानको कालोपोके रोग (False smut of rice)

*Ustilaginoidea virens* नामक ढुसीले गर्दा हुने यो रोग चिसो र धेरै वर्षाको मौसममा बढी देखिन्छ। यो रोग लागेको सुरुको अवस्थामै व्यवस्थापन गर्न नसके कालान्तरमा यो रोग सबै बालिमा फैलिएर निकै नोक्सान पुर्याउने गर्छ ।

### लक्षणहरूः

- बालामा सुरुमा पहेंलो ढुसीको थुप्रो देखिन्छ ।
- पछि हरियो र अन्तमा कालो रङको डल्लो जस्तै देखिन्छ ।
- यसले केवल प्रजनन अङ्गमा मात्र असर गर्छ ।



### नियन्त्रण र रोकथामः

- रोगबाट संक्रमित बालाहरू काटेर पोलिथिनमा हाली खेतबाट टाढा लगेर जलाउने,
- छिटो रोपाइँ गर्ने,
- माटो राम्रोसँग खनजोत गरी घाममा सुकाउने,
- रोग प्रतिरोधी जातहरू प्रयोग गर्ने,
- दलहन बालीसँग बाली चक्र अपनाउने,
- कार्बेन्डाजिम ५० % WP @ २ ग्राम/लिटर पानीको दरले बीउ उपचार गर्ने,
- धानको बाला निस्किनु अघि २ ग्राम कार्बेन्डाजिम ५० % WP प्रति लिटर पानीको दरले मिसाएर स्प्रे गर्ने ।

संकलक तथा तयारकर्ताः विशेषज्ञ सेवा शाखा, कृषि विकास कार्यालय, सिन्धुली